**“संघीय संरचनामा वन : समृद्धि र सुशासन”**

# वन अधिकृतहरुको राष्ट्रिय कार्यशाला गोष्ठी

**३-५ जेष्ठ २०७५**

# प्रतिबद्दता पत्र

नेपालको संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहहरुमा वन संगठनको प्रभावकारी परिचालन गरी वन क्षेत्रको दीगो व्यवस्थापन मार्फत नागरिकलाई अझ नजिकबाट समयमै सरल, सहज र गुणस्तरीय सेवा र सुबिधा उपलब्ध गराई सामाजिक न्यायको प्रत्याभूति सहित मुलुकको आर्थिक समृद्धिमा थप योगदान गरी “समृद्ध नेपालः सुखी नेपाली” भन्ने वर्तमान सरकारको राष्ट्रिय संकल्प साकार पार्न, वन तथा वातावरण क्षेत्रमा मुलुकले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई आत्मसात गर्दै,

नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने आधारभूत हकको सम्मान गर्दै, वन क्षेत्रलाई राष्ट्रहित अनुकूल र अन्तरपुस्ता समन्यायको लागि उपयोग गर्ने र गराउने प्रण गर्दै,

समुदायमा आधारित वन व्यवस्थापन एवं सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितालाई प्राथमिकता दिदै,

आम नागरिकलाई वनक्षेत्रबाट प्रदान गरिने सेवा तथा सुबिधामा सुशासनको प्रत्याभूति सहित अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै,

बिगतका गोष्ठीहरुका उपलब्धि र सिकाईहरुको समेत समीक्षा गरी “संघीय संरचनामा वन: समृद्धि र सुशासन” भन्ने मूल नाराकासाथ सम्पन्न यस वन अधिकृतहरुको राष्ट्रिय कार्यशाला गोष्ठीमा देशभरका वन अधिकृतहरुको तर्फबाट निम्नलिखित प्रतिबद्दता एवं अनुरोध व्यक्त गर्दछौं :

**.क﮲ संघीयतामा वन**

१। संघीयता कार्यान्वयनको सन्दर्भमा नेपाल सरकारले खटाएका तीनै तहहरुमा खटिई प्रभावकारी भूमिका निर्बाह गर्नेछौ ।

२। राष्ट्रिय वन नीति एवं संघिय वन ऐन तर्जुमा गर्दा तीनै तहका सरकारबीच प्रभावकारी र स्पष्ट अधिकार एवं जिम्मेवारीको बाँडफाड गरी दुविधारहित कार्यवातावरणको सिर्जनाका लागि अनुरोध गर्दछौ ।

३। वन तथा वातावरण मन्त्रालयको वन तथा वातावरण क्षेत्रको सुधार कार्ययोजना २०७५ एवं नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ मा विभागसंग सम्बन्धित कार्यहरुको पूर्ण कार्यान्वयन गर्नेछौ ।

४। नेपालको संबिधानको अनुसूचीहरुको व्यवस्था अनुसार डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयको संरचना बनाई वनको क्षेत्रफल र कार्यबोझको अनुपातमा कर्मचारी व्यवस्थापन हुन अनुरोध गर्दछौ ।

५। नेपालको संविधानको अनुसूची ७ मा अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल वन संरक्षण क्षेत्र आदि संघ र प्रदेशको साझा अधिकारको सूचीमा रहेकोले संघ र प्रदेश बीच उपयुक्त अधिकार र जिम्मेवारीको बाँडफाडको व्यवस्था र संयन्त्र निर्माणका लागि अनुरोध गर्दछौ ।

६। डिभिजन वन कार्यालय प्रमुख पदका लागि प्रदेश सरकारप्रति जवाफदेही रहने गरी संघीय निजामती कर्मचारीको रुपमा काम गर्ने संगठन संरचना बनाउनका लागि अनुरोध गर्दछौ ।

**.ख. वन संरक्षण**

७। वन आम नागरिकको साझा एवं राष्ट्रिय सम्पत्ति भएकोले वन क्षेत्रलाई राष्ट्रिय प्राथिमकता क्षेत्र तोकी यसको संरक्षणमा सबै क्षेत्रको दायित्व रहने नीतिगत व्यवस्था गरी कार्यान्वयनका लागि अनुरोध गर्दछौ ।

८। वन संरक्षणका साथै वन, वातावरण र विकास बीचका सन्तुलन कायम गर्न राष्ट्रिय वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा उपलब्ध गराउने विधमान कार्यबिधीलाई यथाशीघ्र पुनरावलोकन गरी कार्यान्वयन गर्नका लागि अनुरोध गर्दछौ ।

९। अतिक्रमण क्षेत्रलाई बर्गिकरण गरी स्थायी सिमाना कायम गर्ने, नयाँ वन अतिक्रमणलाई पूर्णरुपमा निरुत्साहित हुने गरी ठूलाठूला बस्ती विकास भईसकेका धेरै पुराना अतिक्रमण क्षेत्रको स्थायी समस्या समाधान गर्न अधिकार सम्पन्न उच्च स्तरीय संयन्त्र मार्फत वनको क्षेत्रफल नघट्ने गरी व्यवस्थापन गर्नका लागि अनुरोध गर्दछौ ।

१०। चुरे संरक्षण तथा व्यवस्थापनको लागि स्वीकृत गुरुयोजना कार्यन्वयनको लागि आवश्यक समन्वय एवं योगदान गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

११। सबै प्रकारका वनमा रहेका ताल तलैया, सर्बि क्षेत्र, पोखरी (सिमसार) क्षेत्रको प्रभावकारी संरक्षण गर्दै प्राबिधिक सम्भाव्यताको आधारमा संरक्षण पोखरीहरुको बिस्तार गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

१२। वन संरक्षणको लागि सशस्त्र वन रक्षक अपरिहार्य भएकोले सशस्त्र वन रक्षक सम्बन्धी कानूनी व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

१३। देशका विभिन्न स्थानहरुमा राज्यको महत्वपूर्ण वनस्रोत संरक्षण गर्दा, वन डढेलो निभाउँदा र वन डढेलोमा परी घाइते हुने तथा ज्यान उत्सर्ग गर्ने सर्वसाधारणहरुलाई हरित शहिद घोषणा गरी तत्काल राहत उपलब्ध गराउने व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

## .ग॰ दीगो एवं बैज्ञानिक वन व्यवस्थापन तथा वन पैदावार आपूर्ति

१४। विभिन्न भौगोलिक क्षेत्रहरुमा रहेका सबै किसिमका वन व्यवस्थापन पद्दतिहरुमा दीगो वन व्यवस्थापनका लागि वनको विशिष्ठताको आधारमा बैज्ञानिक व्यवस्थापन गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

१५। वनको बैज्ञानिक व्यवस्थापन मार्फत वनको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गरी आगामी बर्ष भित्र काठ दाउराको आपुर्तिमा आत्मनिर्भर भई तीन बर्ष भित्र निर्यातमा पुग्ने गरी कार्यक्रम सचालनका लागि प्रतिवद्दता व्यक्त गर्दछौ ।

१६। हाल संचालनमा रहेको बैज्ञानिक वन व्यवस्थापनप्रतिको समान बुझाइ र दृष्टिकोण बिकास गर्न संचार माध्यममा पहुँच, ब्यापक अन्तरक्रियालाई अभियानको रुपमा लैजाने साथै यसबाट प्राप्त असल अभ्यास र सिकाईलाइ प्रदेशस्तरमा सामयिक समीक्षा गर्ने परिपाटी स्थापना गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

१७। कार्यक्रमको आवश्यकताअनुसार विधमान वैज्ञानिक वन व्यवस्थापन कार्यविधि समसामयिक परिमार्जनका लागि अनुरोध गर्दछौ ।

१८। बैज्ञानिक वन व्यवस्थापनको बढी कार्यबोझ र सम्भावना भएका कार्यालयहरुमा विज्ञ, अनुभवी र कामप्रति दृढ संकल्पित स्पष्ट मापदण्डको आधारमा कार्यालय प्रमुखको छनौट गरी सहयोगी र दक्ष टीम सहित खटाउन र सोको लागि आवश्यक कानूनी व्यवस्था गर्नुका साथै ठोश सूचक सहित कार्यसम्पादन करार गरी पठाउनुपर्ने व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

१९। वन व्यवस्थापनमा आधुनिक ज्ञान, सीप, प्रविधीको उच्चतम उपयोग गर्दै वन व्यवस्थापन गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

२०। दक्ष वन श्रमिकहरुको उत्पादन, अभिलेखीकरण, सुरक्षा, बीमा, थप क्षमता अभिवृद्धि, उपयुक्त कार्यवातावरण सिर्जना गरी कार्यान्वयन गर्ने व्यवस्थाका लागि अनुरोध एवं प्रतिवद्दता व्यक्त गर्दछौ ।

२१। वन पैदावार प्राधिकरणको स्थापना मार्फत काठ दाउरा संकलन, बिक्रिवितरण तथा वन उधमका साथै हार्भेष्टिङ पश्चातका मूल्य अभिवृद्दी र वस्तु विविधिकरणलाई बढावा दिई ब्यवस्थित गर्नका लागि अनुरोध गर्नुका साथै यसका पूर्ण कार्यान्वयनको प्रतिवद्दता व्यक्त गर्दछौ ।

## .घ॰ वन उद्यम र पर्यापर्यटन

२२। सम्भाब्यता भएका वन क्षेत्रमा पर्यापर्यटकीय उद्यम विकास, विस्तार र सबलीकरण गर्न सीप, अवसर, उद्यमशीलता तथा लगानी प्रवर्धनात्मक कार्यहरु अघि बढाउन निजी क्षेत्र, सहकारी एवं स्थानीय तहसंग सहकार्य गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

२३। ग्रामीण अर्थतन्त्रमा वन उद्यम आर्थिक समृद्धिको मेरुदण्ड भएको पृष्ठभूमिमा ग्रामीणस्तरमा वनजन्य कच्चा पदार्थमा आधारित उद्यमलाई अभियानको रुपमा “एक स्थानीय तहः एक फर्निचर एवं काष्ठजन्य उद्यम” को विकास गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

२४। सामुदायिक वनबाट व्यवसायिक रुपमा वन पैदावार उत्पादन एवं बजारीकरण गर्नका लागि सामुदायिक वनहरुको सहकार्य तथा साझेदारीमा सामुदायिक वनको स्रोत परिचालन गरी निजी तथा सहकारीको माध्यमबाट वन उद्यम बिकास र प्रवर्धन गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

२५। वन पैदावारमा आधारित उद्योगहरु वन व्यवस्थापनका अभिन्न अंग भएको हुँदा उद्योग स्थापनार्थ उधोगको प्रकृति हेरी बिध्यमान वनक्षेत्र देखिको दूरीको प्रावधान घटाउने वा हटाउने व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

२६। व्यावसायिक कबुलियति वन उपलब्ध गराउने मौजुदा प्रावधान र प्रक्रियालाई थप सरलीकृत गरी विशेष गरी युवा रोजगारी लक्षित अभियानको रुपमा संचालन गर्नका लागि अनुरोध गर्दछौ ।

## .ङ॰ जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विकास र विस्तार

२७। जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बजार मूल्यको आधारमा राजस्व दरलाई बैज्ञानिक तरिकाले सामयिक परिमार्जन गर्नका लागि अनुरोध गर्दछौ ।

२८। जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दीगो संकलन, खेति बिस्तार, गुणस्तर अभिवृदि, प्रशोधनका क्रियाकलापहरुलाई प्राथमिकता साथ परिचालन गरी उल्लेख्य मात्रामा रोजगारी वृद्धि, स्थानीय जीविकोपार्जन र मूलुकको अर्थतन्त्रमा टेवा पुग्ने कार्यक्रम संचालन गर्ने प्रतिवद्दता व्यक्त गर्दछौ ।

२९। उच्च मूल्यका  जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवस्थापनको पूर्ण जिम्मेवारी सहितको छुट्टै व्यवस्थापन निकाय जडीबुटी विकास केन्द्रको स्थापना गरी संचालन गर्नका लागि अनुरोध गर्दछौ ।

३०। युवा रोजगारी लक्षित अभियानको रुपमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती प्रर्वद्धन तथा दीगो विकास कार्यक्रम संचालन गर्नका लागि अनुरोध गर्दछौ ।

## .च॰ संरक्षण क्षेत्र बाहिर वन्यजन्तु व्यवस्थापन

३१। संरक्षित क्षेत्र बाहिर वनको प्रभावकारी संरक्षण भएको कारण वन्यजन्तुहरुको संख्यामा उल्लेख्य वृद्धि भएको उपलब्धिलाई मध्यनजर गर्दै यसबाट सिर्जित समस्यालाई सम्बोधन गर्न राहतको व्यवस्था छिटोछरितो गर्ने र द्वन्दबिहीन क्षेत्र (नो कन्फ्लिक्ट जोन)को रुपमा क्षेत्रहरुको व्यवस्थापन एवं विस्तार गर्ने र बहन क्षमताको आधारमा वन्यजन्तुको व्यवस्थापन गर्ने व्यवस्थाको लागि अनुरोध गर्दछौ ।

३२। बढीमात्रामा दवन्दमा संलग्न प्रजातिहरुकोलागि दवन्द न्यूनीकरण रणनीति तथा कार्ययोजना निर्माण गरी मानव वन्यजन्तु दवन्दरहित अवस्था निर्माण तर्फ उन्मुख हुने अनुरोध गर्दछौ ।

३३। राष्ट्रको आर्थिक वृद्धिको लागि वन्यजन्तु तथा चराचुरुङ्गीको उपयोग गर्दै वन्यजन्तु तथा चराचुरुङ्गी पालन, प्रजनन तथा ब्यवसायिक उपयोगलाई कार्यान्वयनमा ल्याउन अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ ।

**.छ॰ समुदायमा आधारित वन व्यवस्थापन**

३४। सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, संरक्षित वनहरुको थप प्रभावकारी बनाउन स्थानीय तहसंग समन्वय, सहकार्य र अन्तरसम्बन्ध कायम गर्ने व्यवस्था एवं कार्यान्वयनका लागि अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ । समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुको विकास र प्रर्वद्धनका लागि वन सहकारीहरुको स्थापनाको पहलका लागि अनुरोध गर्दछौ ।

३५। सामुदायिक वन, बिपन्न लक्षित कवुलियती वन र साझेदारी वनको व्यवस्थापन, निर्णय र उपभोगको अधिकार राजनीतिक सिमानाले असर नपर्ने गरी नीतिगत व्यवस्था गर्न अनुरोध गर्दछौ ।

३६। वन विभागको आयोजनामा २०७४ चैत्र १३ देखि १५ सम्म जनकपुरधाम, धनुषामा संचालित साझेदारी वनको दोश्रो राष्ट्रिय गोष्ठीबाट सर्वसम्मतिले पारित जनकपुर घोषणापत्रलाई कार्यान्वयन गर्न अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ ।

**.ज॰ निजी तथा कृषि वन विकास र प्रर्वद्धन**

३७। वन कम भएको स्थानीय तह र प्रदेशहरुमा वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने र निजी वन दर्ता र उत्पादित वन पैदावारका विक्रीवितरण तथा ओसारपोसार कार्यलाई थप सहजिकरण गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

३८। देशका सबै भौगोलिक क्षेत्रहरुमा सुहाउँदो र उपयुक्त कृषिवन प्रणालीको विकास र विस्तार गर्न अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ ।

३९। व्यक्ति, सघसंस्था, निजी क्षेत्र, समूह, सहकारी आदिका संलग्नता, सहकार्य र समन्वयमा हैसियत विग्रिएका तोकिएको वन क्षेत्रमा तोकिएको प्रजातिका वहुवर्षिय फलफूल खेतीलाई कृषिवन प्रणाली अन्तर्गत प्रर्वद्धन गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

**.झ॰ जलवायु परिवर्तन र रेड प्लस**

४०। सबै प्रकारका वन व्यवस्थापन पद्दतिका कार्ययोजनाहरुमा जलवायू परिवर्तन अनुकुलन र वातावरणीय सेवालाई मूलप्रवाहीकरण गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

४१। वन व्यवस्थापनमा रेड प्लसको सिद्दान्तलाई अवलम्बन गर्दै, कार्बन उत्सर्जन कम गर्दै वन भित्रको कार्बनको संचिति वृद्धि गरी कार्बन व्यापारबाट प्राप्त हुने लाभ समन्यायोचित वितरण

गर्ने र वनको पुनारोत्पादन अभिवृद्धिका लागि समेत लगानी गर्ने व्यवस्थाका लागि अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ ।

**.ञ॰ सुशासन तथा उपयुक्त कार्यवातावारण**

४२। वन संरक्षण जोखिमपूर्ण रहेकोले वन कर्मचारीहरुको सुरक्षा व्यवस्था, मनोबल तथा क्षमता बढोत्तरी तथा जीवन बीमाको व्यवस्था आदिको लागि अनुरोध गर्दछौ ।

४३। वन सेवाका सम्पूर्ण तहका कर्मचारीहरुलाई एउटै जिल्लामा नोकरी अवधि भरमा पाँच वर्ष भन्दा बढी नरहने गरी अनिवार्य सरुवा गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

४४। वन संगठन विशिष्ठ एवं संबेदनशील भएको हुँदा पदीय गोपनियता, आचरण र अनुशासनलाई पूर्ण रुपमा कार्यन्वयन गर्दै प्रभावकारी सेवा प्रवाहका लागि प्रतिवद्दता व्यक्त गर्दछौ ।

४५। वन पैदावार विक्रिवितरण कार्यलाई थप पारदर्शी र प्रतिस्पर्धी बनाउनका लागि जिल्ला वन कार्यालयहरुले यथासिघ्र इबिडिङ प्रणालीमा जाने र सामुदायिक तथा साझेदारी वनहरुले निश्चित परिमाणभन्दा बढी समूह बाहिर विक्री गर्दा इबिडिङ प्रणालीमा जाने व्यवस्था को लागि अनुरोध गर्दछौ।

४६। काठ संकलन तथा ओसारपोसार र बजारीकरणसम्मको अवस्था पारदर्शी र जवाफदेही बनाउन टिम्बर ट्रेकिङ प्रणालीको व्यवस्था मिलाइ संचालन गर्नका लागि अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ ।

**.ट॰ लैंगिक तथा सामाजिक समावेशीकरण**

४७। वन संरक्षण र व्यवस्थापनका लागि लैंगिक तथा अपांग मैत्री भौतिक संरचना, कार्य वातावारण तथा श्रोत साधनको व्यवस्था गरी कार्यस्थललाई थप सुरक्षित र मर्यादित बनाउने व्यवस्थाका लागि अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ ।

४८। सबै किसिमका वन व्यवस्थापन पद्दतिहरुमा सामाजिक तथा वातावरणीय सुरक्षाका लागि लैंगिक तथा सामाजिक समावेशीकरण, जैविक विविधता संरक्षण र लाभको न्यायोचित वितरण व्यवस्थाका लागि अनुरोध तथा प्रतिवद्धता व्यक्त गर्दछौ ।

**.ठ॰ अध्ययन अनुसन्धान**

४९। विभिन्न प्रजातिका जडीबुटी र गैरकाष्ठ वन पैदावारको संकलन, ओसार पसार र निकासीमा रहेको असहजताको बारेमा बैज्ञानिक अध्ययन गरी सहजीकरण गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

५०। बैज्ञानिक वन ब्यबस्थापन, जडीबुटी विकास, सुशासन, लगायतका वन विकाससंग सम्बन्धित बिषयमा अध्ययन अनुसन्धानलाई जोड दिई प्राप्त सिकाईलाई कार्यन्वयन गर्नुका साथै कर्मचारीको क्षमता अभिवृद्धि तथा नियमित तालिम, गोष्ठी कार्यक्रम संचालन गर्न अनुरोध गर्दछौ ।

५१। विभिन्न अध्ययन अनुसन्धानका लागि गठन भएका विश्वविधालय, अनुसन्धान केन्द्र, तालिम केन्द्रहरुको पूर्वाधार विकास गरी वनका विभिद विषयहरुमा अध्ययन गरी प्राप्त नतिजाहरु वन व्यवस्थापनमा प्रयोग गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछौ ।

**.ङ॰ व्यवस्थापन सूचना प्रणाली**

५२। वन व्यवस्थापन सूचना प्रणाली स्थापना तथा संचालन गरी संघीय, प्रदेश तथा स्थानीय तहहरुमा सबै खाले वन व्यवस्थापन पद्दतिहरुको एकिकृत तथ्याँङ्क अनिवार्यरुपमा संकलन प्रशोधन तथा विश्लेषण गरी व्यवस्थापनमा प्रयोग गर्ने व्यवस्थाका लागि अनुरोध तथा प्रतिवद्दता व्यक्त गर्दछौ ।

**.ढ॰ विविध**

५३। वन सेवा एक विशिष्ठ प्राविधिक सेवा भएको र यसको सेवा प्रवाहलाई गुणस्तरीय बनाई राख्न वन प्राविधिक परिषद गठन गरी यसको कार्यान्वयनको लागि अनुरोध गर्दछौ ।

५४। वन अधिकृतहरुको राष्ट्रिय गोष्ठी प्रत्येक २-२ वर्षमा संघस्तरमा र प्रादेशिक गोष्ठी प्रत्येक वर्ष गर्ने अनुरोध तथा प्रतिवद्दता व्यक्त गर्दछौ ।

५५। यो प्रतिबद्धता कार्यान्वयन तथा नियमित अनुगमनका लागि संघीय विभागमा एक संयन्त्रको ब्यवस्थापन गरी लागु गर्न अनुरोध गर्दछौ ।

**५ जेष्ठ, २०७५**

**गोदावरी, ललितपुर**